☎ ०५१-४११९०४
ईमेल:- hgao.birgunj@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय
## बिरगंज

visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :-०७६।७७
चलानी नं. :-१२३९

मिति :- २०७६।०८।३०

विषय :- **निर्णयको प्रतिलिपी पठाईएको सम्बन्धमा ।**

श्री महान्यायाधिवक्ताको कार्यालय
सिंहदरवार, काठमाण्डौ ।
(सचिवालय)

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको च.नं. ४६/सचिवालय मिति २०७६।०८।२५ गते निर्देशानुसार यस कार्यालयमा मिति २०७६।०८।३० गते समन्वय समितिको बैठक बसी भएको निर्णयको प्रतिलिपी यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध छ ।

**बोधार्थ/कार्याथ**
श्री जिल्ला प्रशासन कार्यालय, पर्सा ।
श्री संघीय प्रहरी इकाई कार्यालय जनकपुर, धनुषा ।
श्री जिल्ला प्रहरी कार्यालय, पर्सा ।

२०७६।८।३०

........................
कृष्णमोहन कोईराला
नि. सह-न्यायाधिवक्ता

सह-न्यायाधिवक्ता

महान्यायाधिवक्ताको कार्यालयको दोश्रो पञ्च बर्षिय रणनीतिक योजना २०७२/२०७७ ले परिलक्षित गरेको रणनीति बमोजिम माननीय महान्यायाधिवक्ता ज्यूको अध्यक्षतामा बसेको २०७५/०५/०६ गतेको बैठकबाट मुलुकी फौजदारी संहिता, २०७४ को अनुसूचि १ र २ अन्तर्गतका कसूर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायहरुका बीचमा आवश्यक्तानुसार समन्वय कायम गर्न उच्च सरकारी वकील कार्यालयहरुमा समेत समन्वय समिति स्थापना गरि समस्यामूलक विषयमा छलफल गर्ने भन्ने निर्णय बमोजिम यस उच्च सरकारी वकील कार्यालय वीरगन्जमा देहाय बमोजिम समन्वय समिति गठन गरिएको छ ।

(क) सह-न्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, वीरगन्ज - संयोजक
(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको सहायक प्रमुख जिल्ला अधिकारी - सदस्य
(ग) सम्बन्धित संघिय प्रहरी इकाई कार्यालयको प्रमुख वा निजले तोकेको प्रहरी अधिकृत - सदस्य
(घ) सह-न्यायाधिवक्ताले तोकेको अधिकृतस्तरका कर्मचारी - सदस्य सचिव

उपरोक्तानुसार गठन भएको यस कार्यालयको समन्वय समितिको मिति २०७६।०८।३० मा देहाय बमोजिम पदाधिकारीको उपस्थितिबाट निम्न निर्णय गरियो ।

उपस्थिति

| क्र. सं. | नाम, थर | समन्वय समिति | हस्ताक्षर |
|---|---|---|---|
| १ | सह-न्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला | संयोजक | [signature] |
| २ | जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि श्री गोविन्द प्रसाद भण्डारी | सदस्य | [signature] |
| ३ | प्रहरी नायब उपरिक्षक श्री विरेन्द्र बहादुर शाही | सदस्य | [signature] |
| ४ | उप-न्यायाधिवक्ता श्री मुहम्मद मुन्ना | सदस्य सचिव | [signature] |
| ५ | शाखा अधिकृत श्री विश्वास तिमिल्सिना | आमन्त्रीत | [signature] |
| ६ | प्रहरी निरिक्षक श्री असरफ अलि अंसारी | आमन्त्रीत | [signature] |
| ७ | प्रहरी नायब निरिक्षक श्री हनुमान राउत अहिर | आमन्त्रीत | [signature] |

निर्णय

१. २०७६ बैशाख २ गते सम्मानित राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भएको फौजदारी कार्यविधि संहिता, २०७४ को पहिलो संशोधनबाट अनुसन्धान/अभियोजन गर्ने सम्बन्धमा दफा ३२ मा थप भएको व्यवस्था अनुसार फरार अभियुक्तको हकमा निजको आर्थिक गतिविधि र सम्पत्तिका सम्बन्धमा समेत अनुसन्धान गरि राय साथ पेश गर्ने, नैतिक पतन देखिने फौजदारी अपराधका सम्बन्धमा समेत अनुसन्धानबाटै यकिन गरि राय सहित पठाउने र स्पष्ट मागदावी गरि अभियोजन गर्ने व्यवस्था सहितको संशोधन अनुसार गर्न/गराउन मातहत निकायहरुमा कार्यरत अनुसंधान अधिकृतहरुलाई निर्देशनका लागि पठाउने निर्णय गरियो ।

२. सबै तहका अदालत/न्यायिक निकायहरुबाट पत्राचार गरि माग भएका कुराहरु यथासमयमा उपलब्ध गराउने, पत्र बमोजिमको काम सम्पन्न भईसकेको अवस्था भए सोही व्यहोराको जानकारी उपलब्ध गराउने र सम्पन्न गराउन नसकिने अवस्था भए सो को उचित कारण सहित समयमा नै जानकारी गराउन मातहतका कार्यालय र सम्बन्धित निकायमा निर्देशन दिने निर्णय गरियो ।

उच्च सरकारी वकील कार्यालय वीरगन्ज, पर्सा

३. संवैधानिक र कानूनी व्यवस्था अन्तर्गत दायर भएका रीट सम्बन्धी निवेदनको लिखित जवाफमा विपक्षी बनाईएको निकायहरुबाट स्पष्ट रुपमा खुलाई सम्बद्ध कागज प्रमाण सहितको लिखित जवाफ र बहस फायल तयार गरि समयमा नै उपलब्ध गराउने गरि निर्देशित गर्ने निर्णय गरियो ।

४. पक्राउ प्रतिवादीको स्वास्थ्य लगायत पीडितका स्वास्थ्य परिक्षण, लास जाँच Report र शव परिक्षण प्रतिवेदन र कानूनद्वारा निर्धारित ढाँचामा अनिवार्य रुपमा तयार गर्ने/गराउने ।

५. महिला, बालबालिका तथा संवेदनशिल अवस्थाका पीडित वा प्रतिवादीको पहिचान गोप्य राख्दा वास्तविक पहिचानका प्रमाणहरु समेत संलग्न गरि खाममा वा अन्य सुरक्षित बस्तुमा बन्द गरि मिसिलमा संलग्न गर्ने ।

६. पर्न आएका जाहेरी दरखास्तहरु वा सूचना बमोजिम प्रारम्भिक अनुसन्धान तथा घटनाका सम्बन्धमा बुझ्दा सूचना वा जाहेरी झुट्टा, भ्रमपूर्ण वा काल्पनिक देखिएमा मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ११ बमोजिम तामेलीको माध्यमबाट टुँगो लगाउने प्रकृयालाई अवलम्बन गर्ने निर्णय गरियो ।

सह-न्यायाधिवक्ता